## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव डा. संजय शर्माबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय – नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

विवि ६९।०६८.वि.वि..उ ०५८.को विध्युत उत्पादनको अनुमतिपत्र (माथिल्लो चाकु ए जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त संस्था— शिव श्री हाइड्रोपावर प्रा.लि.

विषयः– अनुमतिपत्रको शर्त उल्लंघन ।

शिव श्री हाइड्रोपावर प्रा.लि. ले प्राप्त गरेको अनुमतिपत्र संख्या वि.वि.वि.०६८।६९ वि.उ.०५८ (माथिल्लो चाकु ए जलविद्युत आयोजना) को विध्युत उत्पादनको अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त बमोजिम त्यस संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नु परेमा सोको पुर्व जानकारी यस मन्त्रालयलाई दिनु पर्नेमा सो शर्त विपरित कम्पनीको शेयर संरचना परिवर्तन गरेको सम्बन्धमा विध्युत विकास विभागबाट शिव श्री हाइड्रोपावर प्रा.लि.सँग स्पष्टिकरण माग गर्दा पव्लिक लिमिटेड कम्पनिमा परिणत गर्दा भुलवस पूर्व जानकारी गराउन ठिला भएको भनी उक्त कम्पनिले कसुर स्विकार गरी स्पष्टिकरण पेश गरेको देखिन्छ । उक्त शिव श्री हाइड्रोपावर प्रा.लि. ले शेयर स्वामित्व संरचनामा परिवर्तन गर्दा सोको पुर्व जानकारी विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (ध) मा उल्लेखित शर्त बमोजिम यस मन्त्रालयलाई दिनु पर्नेमा नदिइ पव्लिक लिमिटेडमा परिणत गरी विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिदा सोही दफा बमोजिम उक्त शिव श्री हाइड्रोपावर प्रा.लि.लाई रु.५,०००।- (पाँच हजार रुपैया) जरिवाना गरिदिएको छ । अरु तपशिल बमोजिम गर्नु ।

तपशीलः

१. शिव श्री हाइड्रोपावर लि. बाट निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विध्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

डा. संजय शर्मा
(सचिव)

इति सम्बत २०७५ साल मंसिर गते रोज शुभम् ----------------------------------------------------------------।

सचिव